―
# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, असोज ८ गते २०४७ साल (संख्या २४

## भाग ३

### श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना

खण्ड ४० अतिरिक्ताङ्क ६(ख) मिति २०४७।२।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित जाँचबुझ आयोग गठनसम्बन्धी यस सचिवालयको सूचनामा देहायबमोजिम मिलाउने गरी श्री ५ को सरकारले निर्णय गरेको छ।

(क) आयोगको काम, कर्तव्य र अधिकारमा थपः–

आयोगको काम, कर्तव्य र अधिकार शीर्षक अन्तर्गत खण्ड १ पछि देहायको खण्ड १ क थप गरिएको छ।

१.क. २०४६ साल फागुन १ गतेदेखि ६ गतेसम्म पोखरामा घटेका विभिन्न घटनाबाट भएको जनधनको क्षतिबारे पनि छानबिन गर्ने।

(ख) आयोगको कार्यावधिमा थपः–

आयोगको कार्यावधि शीर्षक अन्तर्गत रहेको "आयोगको कार्यावधि आयोगले काम शुरू गरेको मितिले दुई महिनाको हुनेछ" भन्ने वाक्य झिकी सोको सट्टा देहायको वाक्य राखिएको छ।

"आयोगको कार्यावधि मिति २०४७ कार्तिक मसान्तसम्म हुनेछ"

आज्ञाले,

लोकबहादुर श्रेष्ठ

श्री ५ को सरकारको मुख्य सचिव

९६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।